# संघीयताको सवलीकरणमा विपद जोखिम व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था

**ऋषि राज आचार्य**
**उप सचिव**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# संघीयताको कार्यान्वयनमा मन्त्रालयको भूमिका

- नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग संविधान र कानुनको अधीनमा रही तीनै तहको सरकारले गर्ने व्यवस्था गरेको छ ।

- नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीयताको व्यवस्थापन गर्ने सन्दर्भमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने केन्द्रीय निकायको रुपमा भूमिका निर्वाह गर्दछ ।

क्रमशः....

- मन्त्रालयले सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र सम्बन्धका विषयमा एवम् स्थानीय पूर्वाधार निर्माणमा आवश्यक नीति, मापदण्ड, कानून निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्दछ ।

- मन्त्रालयले सङ्घीयता कार्यान्वयनमा सहजीकरण, सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापन, स्थानीय पूर्वाधार विकासमा सहजीकरण तथा सेवा प्रवाह र सुशासन गरी चार आधार स्तम्भमा केन्द्रित रही कार्यान्वयन गर्दै आएको छ ।

- संविधानले निर्दिष्ट गरेको प्रक्रिया बमोजिम सबै तहका सरकारहरुबीच कामको बाँडफाँट सहित कानूनी र संस्थागत प्रबन्ध गरेको छ ।
- नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भन्ने उल्लेख छ ।
- संविधानको यसै प्रावधानलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ तर्जुमा भई कार्यान्वयनमा आएको छ ।

# विद्यमान कानूनी तथा नीतिगत व्यवस्था

- नेपालको संविधानले शासकीय संरचना र सरकारी सेवाको गठनसम्बन्धी व्यवस्था गरि सार्वजनिक प्रशासनलाई मार्गदर्शन गरेको,
- सङ्घीयता व्यवस्थापनका लागि आवश्यक पर्ने स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७, संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ लगायतका सङ्घीय कानून तर्जुमा भई कार्यान्वयनमा रहेका,
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम निजामती सेवा तथा अन्य सरकारी सेवाका कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरिएको,
- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहका क्षेत्राधिकार भित्रका विषय कार्यान्वयनको लागि सहजीकरण गर्न मन्त्रालयले नमूना कानून, मापदण्ड तथा कार्यविधिहरु तयार गरि उपलब्ध गराएको,

# मन्त्रालयको दीर्घकालीन सोच

सबल सङ्घीयताः सक्षम, सुदृढ र जनउत्तरदायी सार्वजनिक प्रशासन ।

# रणनीतिक स्तम्भहरु

- स्तम्भ नं १ सङ्घीयता कार्यान्वयन सहजीकरण
- स्तम्भ नं २ सार्वजनिक सेवामा मानव संशाधन व्यवस्थापन
- स्तम्भ नं ३ स्थानीय पूर्वाधार  विकासमा सहजीकरण
- स्तम्भ नं ४ सेवा प्रवाह र सुशासन

# विपद् व्यवस्थापन सम्बन्धमा नीतिगत व्यवस्था

- नेपालको संविधान (संघ,प्रदेश र स्थानीय तहलाइ जिम्मेवार वनाएको)
- विपद जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
- स्थानीय सरकार संचालन ऐन, २०७४
- वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड, २०७२
- विपद जोखिम व्यवस्थापन राष्ट्रिय नीति, २०७४
- विपद जोखिम राष्ट्रिय रणनीति (२०१८-२०३०)
- दिगो विकासको लक्ष्य (२०१५-२०३०)
- आवाधिक योजना (पन्ध्रौं)
- वातावारण संरक्षण ऐन, २०७६
- वातावारण संरक्षण नियमावली, २०७७
- “ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९

# स्थानीयकरण गर्ने सम्बन्धमा भएका प्रयासहरु

**नमुना कानुनहरु (स्थानीय तहको लागी)**

- स्थानीय तहको विपद जोखिम न्यनीकरण तथा व्यवस्थापन ऐन
- स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि
- गाउपालिका / नगरपालिका आपतकालीन कार्यसंचालन कार्यविधि
- स्थानीय विपद र जलवायुजन्य जोखिम व्यवस्थापन योजना (LDCRP) तर्जुमा
- स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन
- संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी नमूना कार्यविधि
- विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको स्थानीय रणनीति (सन् २०२१-२०३०)
- **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन**मा विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनको आन्तरिकिकरण र मुलप्रवाहीकरण

क्रमश.....

- स्थानीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना
- विपद् संवेदनशील भू-उपयोग योजना (RSLUP)
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको १० बर्षे रणनीतिक कार्ययोजना
- विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनको मूल प्रवाहीकरण विषयक तालिम सामग्री
- वातावरणमैत्री स्थानीय शासनको प्रारूप
- Urban DRR Toolkit को विकास
- Local Government Institutional Self Assessment Framework (LISA)
- Municipal Disaster Risk Governance Assessment Tool
- विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलन सिकाई केन्द्रको संचालन सम्बन्धी कार्यविधि
- स्थानीय तहको सामाजिक तथा आर्थिक पुनर्लाभ कार्यढाँचा, २०७८
- स्थानीय तहको जोखिमयुक्त वस्तीको पहिचान तथा स्थान्नातरण दिग्दर्शन, २०७८

# विपद् व्यवस्थापनको स्थानीयकरणको लागी प्राथमिकता दिनुपर्ने विषय

- नीति, संरचना तथा योजना र बजेट
- विपद व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन कोषको स्थापना र परिचालन
- सुरक्षित निर्माण
- साझेदारहरुको परिचालन
- विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलन मूलप्रवाहीकरण
- भू-उपयोग योजना तथा कार्यन्वयन
- समन्वय
- स्थानीय विपद् र जलवाय सुशासन र जवाफदेहिता
- वातावरणमैत्री स्थानीय शासनको प्रारुपको कार्यान्वयन
- वातावरणीय अध्ययनको संस्थागत

# अवसर

- आम नागरिकलाई लोकतन्त्रका लाभहरुको समुचित र समन्यायिक वितरणको अनुभूति दिलाउने,
- नागरिकले सङ्घीय शासन प्रणालीबाट स्थानीयस्तरमा प्रप्त गर्ने सार्वजनिक सेवा, सुरक्षा, सुविधा एवं विकासको प्रतिफल विगतको तुलनामा उन्नत तथा प्रभावकारी तुल्याउने,
- तीनै तहका सरकारबीच समन्वय, सहकारिता र सहअस्तित्वलाई थप दरिलो तुल्याउँदै नेपालको संघीय प्रणाली विश्वमा नै मानकको रुपमा प्रस्तुत गर्ने,
- अन्तरस्थानीय तह सहयोग एवं संजाल स्थापित गर्दै विकास कार्य एवं सेवा प्रवाहमा आत्मनिर्भरता तथा अन्तरनिर्भरतालाई सन्तुलनमा राख्ने,
- स्थानीय तहमा एकीकृत पूर्वाधार विकासको लागि योजना तर्जुमा तथा स्रोत व्यवस्थापनमा सहजीकरण एवं राष्ट्रियस्तरमा स्थानीय पूर्वाधारका क्षेत्रगत तथ्यांक एकीकृत गर्ने,
- स्थानीय तहको क्षमता विकास तथा संस्थागत सबलीकरण गर्ने,

- विकास व्यवस्थापनलाई प्रभावकारी तुल्याउने,
- विकास कार्यमा सहभागितामूलक पद्धतिमार्फत आम नागरिकको अपनत्व अभिबृद्धि गर्ने,
- सङ्घीय इकाईहरुमा सुशासन, जवाफदेहिता, नागरिकप्रति उत्तरदायी भाव, लोकतान्त्रिकपन लगायतका मुल्यमान्यता स्थापित गर्ने,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम, अध्ययन तथा अनुभव आदानप्रदान जस्ता कार्यक्रमहरुबाट प्राप्त ज्ञान, सीप, क्षमता एवंम् कौशलको ऊपयोग गरी नेपालको सार्वजनिक प्रशासनलाई प्रतिस्पर्धी, जुझारु, नतिजाकेन्द्रित, सक्षम र सुसूचित तुल्याउने,
- सार्वजनिक व्यवस्थापनको क्षेत्रमा प्रविधिको ज्ञान, सीप र क्षमता भएका जनशक्ति परिचालन गर्ने उपयुक्त योजना एवं सोच तय गर्ने,
- समावेशीकरणको नीति अनुरुप निजामती सेवालाई समावेशी बनाउँदै लैजाने,
- सार्वजनिक प्रशासनको क्षेत्रमा अनुसन्धानमा आधारित कार्यसंस्कृतिको विकास गर्ने

# धन्यवाद !